नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ 

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ६६ २०८१ साल असोज १७ गते बिहीबार (3 Oct. 2024 Thursday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np




*यस अंक भित्र :* २ पृष्ठमा : बाढीपहिरोका कारण रु १७ अर्बभन्दा.. ३ पृष्ठमा : उज्यालोमै नारायणगढ पुग्ने. ३ पृष्ठमा : इरानद्वारा इजरायलमा मिसाइल ...

# घटस्थापनासँगै वडा दशैं शुरु

**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

घटस्थापनासँगै आजदेखी बडा दशैं शुरु भएको छ । सप्तरीको प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता, कंकालिनी, राजदेवी, भगवती लगायतका शक्तीपीठहरुमा विषेश पुजाअर्चना सगैं जमरा राखिदैछ ।

घटस्थापनाकै दिन जमरा छर्की देवीलाई आव्हान गरेर फलफूल, नैवेद्य, मिठाई चढाएर सात्विक पूजा गरिन्छ ।

यस अवसरमा शक्तीपीठहरुलाई सिंगारिने तथा विभिन्न टोल र चोकमा समेत दुर्गा प्रतिमा निर्माण र यी स्थानलाई रंगीचंगी पण्डाल तथा तोरणद्वार विषेशरुपले सिंगारिने काम भइरहेको छ ।

दशैंका बेला शक्तिपीठहरुमा देखिने भीड व्यवस्थापन तथा शान्ति सुरक्षाका लागी चाडपर्व लक्षित विषेश सुरक्षायोजना लागु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता सप्तरीको प्रसिद्ध छिन्नमस्ता मन्दिरमा यस वर्ष लाखौं भन्दा बढी श्रद्धालु आउने अनुमान सहित सोही अनुसारको तयारी गरिएको मन्दिरका मुल पुजारी महाकान्त ठाकुरले बताए ।

लाखौंको संख्यामा आउने भक्तजनका लागी खानेपानी शौचालय, रात बिताउनेका लागी उपयुक्त वासस्थान लगायतको तयारी समेत गरिसकिएको उनले बताएका छन् ।



फायल तस्बिर

# जनमत पार्टीबाट २० जनाद्वारा सामूहिक राजीनामा



**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

जनमत पार्टीभित्र जादिवाद, परिवारवाद, र चापलुसी हाबी भएको आरोप लगाउँदै पार्टीका ५ जना केन्द्रीय सदस्यसहित २० जना नेताहरूले सामूहिक रूपमा बुधबार राजीनामा दिएका छन् ।

सामूहिक राजीनामा दिनेहरूमा पार्टीका केन्द्रिय सदस्य संजय स्वराजी, इन्द्रप्रसाद सिंह, कमल यादव, दिपेन्द्र मधेशी, मधुसुधन महतो लगायत २० विभिन्न प्रदेशस्तरीय नेताहरू र जिल्लास्तरीय नेताहरूसमेत रहेका छन् । राजीनामा दिने समूहले भविष्यमा नयाँ राजनीतिक कदम चाल्न सक्ने संकेत पनि गरेको छ ।

राजीनामा दिने नेताहरूले पार्टी नेतृत्वप्रति असन्तुष्टि जनाउँदै पार्टीभित्र निष्पक्षता र लोकतान्त्रिक अभ्यासको अभाव भएको बताएका छन् । उनीहरूले नेतृत्वले आन्तरिक निर्णय प्रक्रियामा जादिवाद र परिवारवादलाई प्राथमिकता दिएको र योग्य नेताहरूलाई चापलुसीको आधारमा बेवास्ता गरेको आरोप लगाएका छन् ।

राजीनामा दिने नेताहरूले समाजिक संजाल मार्फत भनेका छन्, 'जनमत पार्टीले जनताको हित र समानताका लागि संघर्ष गर्ने उद्देश्य राखेको भए पनि हाल पार्टीमा जादिवाद र परिवारवादको संस्कृति बढ्दै गएको छ । हामीले पटक-पटक सुधारको माग गर्दा पनि नेतृत्वले सुनुवाइ नगरेपछि बाध्य भएर राजीनामा दिनु परेको हो ।'

# सवारी दुर्घट्ना न्यूनिकरणका लागि सांकेतिक अभ्यास

**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

सवारी दुर्घट्ना न्यूनिकरण गर्ने उद्वेश्यले बुधबार राजविराजमा सांकेतिक दुर्घट्ना मार्फत अभ्यास र उद्दारकला प्रदर्शन गरिएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिको आयोजना तथा सशस्त्र प्रहरीको संयोजनमा सचेतनाका लागि यस्तो कला प्रदर्शन गरिएको हो ।

सांकेतिक दुर्घट्ना, अभ्यास र उद्दारकला प्रदर्शनमा सशस्त्र प्रहरीका साथै सेना र नेपाल प्रहरीका तालिम प्राप्त सुरक्षाकर्मीहरुले आफ्नो कौशलमार्फत दुर्घट्ना हुन नदिन अपनाउनु पर्ने सावधानी तथा दुर्घट्ना भइसकेपछि हुने क्षति न्यूनिकरण गर्न गनुपर्ने कार्यहरुबारे सडकमै दुई घण्टा कार्यक्रम प्रस्तुत गरे ।

राजविराज-कुनौली सडक खण्डमा एउटा बस र ट्रक एक आपसमा ठोकिएर दुर्घट्ना भएझैं राखेर गरिएको सांकेतिक अभ्यास हेर्न सर्वसाधारणको भिड लागेको थियो ।

जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक समेत रहेका प्रमुख जिल्ला अधिकारी मेखबहादुर मग्रातीले यस्तो अभ्यासले सडक सुशासन कायम गर्न र दुर्घट्ना न्यूनिकरणमा महत्वपूर्ण भूमिका खेल्ने बताउँदै यात्रलाई सुरक्षित यात्राको अनुभूती गराउन र चालकलाई सचेत गराउने उद्देश्यले पनि सडकमै गएर यस्तो सचेतनामूलक कार्यक्रम गरिएको बताए ।

सो अवसरमा जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, सशस्त्र प्रहरी उपरीक्षक ज्ञानमणी पौडेल, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता ढुण्डीराज नेउपाने, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव, रेडक्रस सोसाईटी शाखा सप्तरीका सभापति जोगेन्द्र भगतका साथै ठूलो संख्यामा चालक, सहचालक र सर्वसाधारणको उपस्थिति रहेको थियो ।



# बाढीपहिरामा परी दुई सय २८ जनाको मृत्यु

काठमाडौं, १६ असोज (रासस) ।

हालैको बाढीपहिरामा परी दुई सय २८ जनाको मृत्यु भएको छभने २५ जना बेपत्ता छन् । अन्य एक सय ५८ जना घाइते भएका छन् ।

गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीका अनुसार हालसम्म बाढीपहिरो प्रभावित

*बाँकी अन्तिम पृष्ठमा*

## मंगलमय शुभकामना



हिन्दुहरुको महान चाड वडा दशैं, दिपावली तथा छठ पर्व २०८१ को शुभ उपलक्ष्यमा सम्पूर्ण ग्राहक, पाठक, शुभचिन्तक एवं बिज्ञापनदाताहरुमा सुस्वास्थ्य एवं दिर्घायुको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजविराज दैनिक
परिवार

## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन संचालन गरौं ।
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं ।
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं ।
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं ।
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं ।
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।
- दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सीमित खर्चमै मनाऔं दशैं

हिन्दूहरुको महान पर्व वडा दशैंमा आजदेखी सुरु भएको छ । यस पर्व निकै तामझामका साथ मनाउने चलन चलिआएको छ । घटस्थापनाकै दिन जमरा छर्की देवीलाई आव्हान गरेर फलफूल, नैवेद्य, मिठाई चढाएर सात्विक पूजा गरिन्छ । राजसी पूजामा पशुबलि चढाईन्छ र तामसी पूजामा रक्सी र बलि दुवै चढाइन्छ । दशैंमा पशुबली होइन स्मार्तको बली प्रदान गरेर पूजा गर्ने बानी बसालौं । शक्ति संगमतन्त्रे ग्रन्थमा पशु बलिको सट्टा अर्पण गरिने फलफूल र पकवानको उल्लेख छ ।

तर, यसपटक हालै मुलुकमा आएको प्राकृतिक प्रकोपमा सयौं व्यक्तिले ज्यान गुमाउनु पर्दा सिंगो देश नै शोकमा डुबेको छ । प्राकृतिक प्रकोपले मुलुकको विभिन्न स्थानका सडकहरु अवरुद्ध भएपछि दशैं मनाउन घर समेत जान नपाउने पीडा समेत जनतामा छ । अर्कोतिर देशको खस्किदो आर्थिक स्थिति र व्यक्तिको खर्च गर्ने हैसियत पनि सीमित भएको छ । मीठो खाने र नयाँ लगाउने पर्वका रुपमा दशैंलाई लिएर आफ्नो आर्थिक हैसियतभन्दा बढी खर्च गर्ने परम्परा बन्दै गएको छ । गरीब जनताले जेनतेन ऋण काढेर भए पनि दशैं मान्नुपर्ने बाध्यता छ । यसले गरीब नेपाली जनता झनै मारमा पर्दै गएका छन् । जसकारण पर्व सीमति खर्चमै मनाउनु वेश हुन्छ ।

दशैंमा शाकाहारी भोजन गरेर मनाउनेतर्फ ध्यान दिन सकिए आर्थिक भार कम हुने विश्वास गर्न सकिन्छ । पूजालाई श्रद्धाका साथ मनाऔं, तामझाम गरेर देखावटी पूजाको अन्त्य गरिनु आवश्यक छ । तसर्थ आर्थिक बोझमा नडुबी सीमित खर्चमै चाडपर्व मनाउनेतर्फ आग्रसर होऔं ।

# बाढीपहिरोका कारण रु १७ अर्बभन्दा बढीको क्षति, पूर्ववत् अवस्थामा फर्काउन के छ तयारी ?

काठमाडौं, १६ असोज (रासस) ।

प्राकृतिक विपत्तिले कसरी पिरोल्छ र दुःख दिंदो रहेछ भन्ने उदाहरण बनेको छ, यही असोज ११ र १२ गतेको अविरल वर्षापछि आएको बाढी र पहिरो । किसानको पाक्न लागेको धान बाली नष्ट भयो । बर्षभरि खाने तरकारी नष्ट भयो ।

सहजै यात्रा गर्ने राजमार्गहरु क्षतिग्रस्त भए । बस्ती बगे । थातथलो बग्यो । पशुचौपायाले अकालमा ज्यान गुमाए । बाढीकै कारण कैयौंको लगानी क्षणभरमा नष्ट भयो । नेपाली समाजमा एउटा भनाइ लोकप्रिय छ, "विपत्ति बाजा बजाएर आउँदैन । तर यस पटकको अविरल वर्षापछिको बाढीपहिरो नेपालीका लागि बाजा बजाएर आएभन्दा पनि चर्को भयो । चाडबाडको मुखमै क्षतिग्रस्त भएको विपी राजमार्ग पूर्ववत् अवस्थामा कहिले सञ्चालनमा आउने हो कुनै ठेगान छैन । पृथ्वी र त्रिभुवन राजमार्गको अवस्था उस्तै छ ।

राजधानीको खाद्यान्न गोदाम भनेर चिनिएको कालीमाटी र बल्खु बजार अझै नियमित सञ्चालनमा आउन सकेको छैन । राजमार्गमा नियमित सवारी नचल्दा भोक भोकै यात्रु पैदलयात्रा गर्न बाध्य छन् । जल तथा मौसम विज्ञान विभागले जानकारी दिंदा पनि कैयौं नागरिकले अकालमा ज्यान गुमाएका छन् ।

काठमाडौंको बल्खु, नख्खु, बाग्मतीका किनार तथा भक्तपुरको हनुमन्तेलगायतका खोला र नदी किनार पूर्ववत् अवस्थामा फर्कन अझै धेरै दिन लाग्ने स्पष्ट छ । बाढी र पहिरोका कारण प्रारम्भिक विवरण अनुसार रु १७ अर्ब बराबरको क्षति भएको छ । क्षतिको विवरण सङ्कलनका क्रममा रहेकाले यो अझै बढ्न सक्ने स्पष्ट नै छ ।

सरकारका मुख्य सचिव एकनारायण अर्यालका अनुसार, बाढीपहिरो र डुबानबाट २१ जिल्ला प्रभावित भएका छन् । विशेष गरी काभ्रेपलाञ्चोक, ललितपुर, धादिङ, काठमाडौं, सिन्धुपाल्चोक, सिन्धुली र मकवानपुर जिल्लामा बढी क्षति पुगेको छ ।

कुलेखानी जलाशयको पानी खोल्दा गएको बाढी र पहिरोका कारण मकवानपुरको इन्द्रसरोवर-३ मा रहेको वत्सलादेवी माविमा सञ्चालित अखिल नेपाल फुटबल सङ्घ (एन्फा) एकेडेमीमा अध्ययनरत छ जना विद्यार्थीको कलिलै उमेरमा ज्यान गुमाउन बाध्य भए । पहिराले पुरिंदा मकवानपुरका तीन र अन्य जिल्लाका तीन गरी बालकले ज्यान गुमाए । बाढीका कारण सबैभन्दा बढी समस्यामा विपी राजमार्ग परेको छ । रोशी खोला किनारका बस्ती क्षतविक्षत भएको छ । हालसम्मको विवरणअनुसार बाढीपहिरोबाट सडक र पुलमा मात्रै रु दुई अर्ब ५२ करोड बराबरको क्षति भएको छ । बाढीले पाँच वटा पक्की पुल र दुई वटा बेलिब्रिजमा क्षति पुगेको छ ।

पछिल्लो पटकको बाढीपहिरोमा परी हालसम्म दुई सय २४ जनाको निधन भएको छ भने २४ जना बेपत्ता छन् । एक सय ५८ जना घाइते छन् । उच्च जोखिममा रहेका चार हजार तीन सय ३१ जनालाई उद्धार गरी सुरक्षित स्थानमा पठाइएको मुख्यसचिव अर्यालको भनाइ छ । कृषि क्षेत्रमा करिब रु छ अर्बभन्दा बढीको क्षति पुगेको प्रारम्भिक तथ्याङ्क छ । कूल ५८ हजार चार सय ७६ हेक्टरमा लगाइएको रु तीन अर्ब ५० करोड बराबर धानबालीमा क्षति पुगेको छ । किसानका २६ हजार दुई सय पाँच वटा पशुपन्छीमा क्षति पुगेको छ ।

भौतिक क्षतितर्फ खानेपानी संरचनामा रु तीन अर्ब ५५ करोड, सडक पूर्वाधारमा रु दुई अर्ब ५२ करोड, ऊर्जातर्फ रु चार अर्ब र जलस्रोत तथा सिंचाइतर्फ रु एक अर्ब ३५ करोड बराबरको क्षति भएको छ । बाढीपहिरोबाट ३७ वटा राजमार्ग अवरुद्ध भएकामा नौ वटा सञ्चालन आइसकेका छन् । त्यस्तै ३६ निर्माणाधीन जलविद्युत् आयोजनामा क्षति पुगेको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार अविरल वर्षापछि आएको बाढीपहिरोका कारण सडक विभागअन्तर्गतका झण्डै २२ किलोमिटर सडक पूर्ण रुपमा क्षति भएको छ । त्यसमा सडकतर्फ रु एक अर्ब ५० करोड ५० लाख, पुलतर्फ रु ८२ करोड र बेलीब्रिजतर्फ रु २० करोड बराबरको क्षति भएको प्रारम्भिक विवरण छ । सो मन्त्रालयका अनुसार १४ वटा सडकको ४२ स्थानमा बाढीपहिरोका कारण क्षति पुगेको छ ।

बाढीपहिरोका कारण अरनिको राजमार्ग, बिपी राजमार्ग कान्ति राजमार्ग, मदन भण्डारी, पुष्पलाल मध्यपहाडी राजमार्ग, मेची राजमार्ग मदन भण्डारी राजमार्ग र कालिगण्डकी कोरिडोरमा क्षति पुगेको छ । सुनकोशी पुल खुर्कोट, सिन्धुरेटार, फोक्सीङ्टारको पुल पूर्णरूपमा क्षति पुगेको छ । अरनिको राजमार्गअन्तर्गत लिपिङ पुल, इलामको माई पोखरी सडकको राते पुल बाढीले बगाउँदा यातायात सञ्चालनमा असुविधा उत्पन्न भएको छ । लार्चा र हेवा खोलामा रहेको बेलीब्रिज बाढीले बगाएको छ । सुनकोशी पुल खुर्कोट, सिन्धुरेटार, फोक्सीङटारको पुल पूर्णरूपमा क्षति भएको विवरण छ ।

अरनिको राजमार्गअन्तरगत लिपिङ्ग पुल, इलामको माई पोखरी सडकको राते पुल बाढीले बगाएको छ । यस्तै लार्चा र हेवा खोलामा रहेको बेलीब्रिज समेत बाढीले बगाएको छ । उर्जा र जलस्रोततर्फ समग्रमा रु चार अर्ब ३५ करोड बराबरको क्षति भएको छ । नदी नियन्त्रणका लागि बनाइका तटबन्धमा करिब एक अर्ब १६ करोड २० लाख बराबरको क्षति पुगेको छ । राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको सुनकोशी मरिण डाइभर्सन आयोजनाको बाँधस्थलमा निर्माणाधिन 'कफर ड्याम' पानीमुनी परेको छ । त्यसमा के कति क्षति भयो भन्ने कुराको मूल्याङ्कन भइरहेको जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जिव बरालले जानकारी दिनुभयो ।

यस्तै, खानेपानी आयोजनामा रु तीन अर्ब ५५ करोड ७० लाख बराबरको क्षति पुगेको छ । नेपाल खानेपानी निगम, काठमाडौं उपत्यका खानेपानी लिमिटेड र खानेपानी मन्त्रालयअन्तर्गत साना-ठूला आयोजनामा बाढीले समस्या पैदा गरेको छ । काभ्रेपलाञ्चोक, भक्तपुर र रामेछापका खानेपानी आयोजनामा क्षति पुगेको छ । कूल ६६ जिल्लाका खानेपानी आयोजनामा क्षति भएको छ । अविरल बर्षापछिको बाढीपहिरोले खानेपानीको पाइपलाइन, बोरिङ प्रशोधन केन्द्र, ट्याङ्कीलगायतका संरचनामा क्षति पुगेको छ ।

सरकारले खोज तथा उद्धारमा ३० हजार सात सय ३१ सुरक्षाकर्मी परिचालन गरेको जनाएको छ । बाढीपहिरोमा परी मृत्यु भएका र बेपत्ता भएका नागरिकका घरपरिबारलाई राहत वितरण सुरु भइसकेको सरकारको भनाइ छ । बाढीपहिरोबाट अवरुद्ध भएका सडकलाई थप तदारुकताका साथ सञ्चालनमा ल्याउने, पहिरोबाट अवरुद्ध सडक खोल्ने, बेलिब्रिज जडान गर्ने, सम्भाव्यताका आधारमा कजवे, डाइभर्सन जस्ता वैकल्पिक माध्यमबाट सडक सञ्चालनमा ल्याउने तयारी गरिएको छ । विपद्लाई देखाएर अत्यावश्यक वस्तुको कृत्रिम अभाव, मूल्यबृद्धि र कालोबजारी नियन्त्रणका लागि सरकारले कडा नीति अख्तियार गर्ने स्पष्ट पारिसकेको छ । विभिन्न स्थानमा अवरुद्ध टेलिफोन सेवा र विद्युत् सेवा नियमित गराउन आवश्यक जनशक्ति परिचालन गरी पुनःनिर्माण र पुनःस्थापनाको काम भइरहेको छ ।

# वर्षाको सम्भावना कायमै, विज्ञ भन्छन् आत्तिनुपर्दैन

काठमाडौं, १६ असोज (रासस) ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान माहाशाखाले बुधबार र बिहीबार मुलुकको विभिन्न स्थानमा वर्षाको सम्भवना रहेको बताएको छ । तर अविरल वर्षाको सम्भावना नरहेको भन्दै आत्तिहाल्नुपर्ने अवस्था नरहेको पनि महाशाखाको भनाइ छ ।

मौसम शाखाको मौसमविद् गोविन्द झाले कोशी प्रदेशका केही स्थानमा, बागमती तथा गण्डकी प्रदेशको पहाडी भूभागका केही स्थानमा हल्कादेखि मध्यम बर्षा हुने सम्भावना रहेको जानकारी दिनुभयो । "कोशी, बागमती र गण्डकी प्रदेशकै केही स्थानमा भने भारी बर्षाको पनि सम्भावना छ", उहाँले भन्नुभयो, "तर गत साता जस्तो लगातार झरी पर्दैन, कति सर्वसाधरणमा त्रास फैलिएको पाइयो तर आत्तिनु पर्दैन ।

महाशाखाले जारी गरेको तीनदिने मौसमी बुलेटिनमा देशभर मनसुनी वायु र भारतको उत्तर-पूर्व असाम र आसपासका क्षेत्रमा बनेको न्यूनचापीय प्रणालीको आंशिक प्रभाव रहेको उल्लेख छ । विभागका अनुसार हाल कोशी प्रदेशलगायत बागमती र गण्डकी प्रदेशका पहाडी भूभागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भूभागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा छ । कोशी प्रदेशको एक -दुई स्थानमा मेघगर्जन/चटचाङसहित हल्का वर्षा भइरहेको छ ।

महाशाखाका अनुसार आगामी २४ घण्टामा कोशी प्रदेश, मधेस प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशमा आंशिकदेखि साधारणतया बदली रही बाँकी प्रदेशमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहनेछ । यस अवधिमा कोशी प्रदेशका केही स्थानमा तथा बागमती र गण्डकी प्रदेशका थोरै स्थानहरू तथा बाँकी प्रदेशका एक-दुई स्थानमा मेघगर्जन/चटचाङसहित हल्कादेखि मध्यम बर्षाको सम्भावना रहेको महाशाखाको भनाइ छ ।

साथै कोशी प्रदेश र बागमती प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेकाले कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा असर पर्ने सम्भावना रहेकोले ती क्षेत्रमा हुनसक्ने गेग्रान बहाव, बाढी, पहिरो, भूक्षयजस्ता प्रकोपको जोखिम वा क्षतिबाट बच्न आवश्यक सतर्कता अपनाउनुपर्ने माहाशाखाको अनुरोध छ ।

# सुनसरीको तरहरामा भारी वर्षा, सतर्कता अपनाउन आग्रह

सुनसरी, १६ असोज (रासस) ।

सुनसरीको तरहरासहित आसपासका क्षेत्रमा अहिले भारी वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । विभागका अनुसार बुधबार बिहानदेखि कोशी प्रदेशका केही ठाउँमा भारी वर्षा भइरहेको हो ।

पछिल्लो तीन घण्टामा सुनसरीको तरहरा र आसपासका क्षेत्रमा भारी वर्षा भएको मापन गरिएको छ । पछिल्लो तीन घण्टामा तरहरा क्षेत्रमा ७२ दशमलव सात मिलिमिटर र मोरङ्को केराबारी क्षेत्रमा ५२ दशमलव चार मिलिमिटर वर्षा भएको धरानस्थित मौसम पूर्वानुमान शाखा प्रमुख रुद्रबहादुर परियारले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार अहिले पनि सुनसरीको धरान, तरहरा, इटहरीलगायत पूर्वी क्षेत्रका कतिपय स्थानमा भारीदेखि मध्यम वर्षा भइरहेको छ । बुधबार र भोलि सुनसरीसहित पूर्वी क्षेत्रमा भारीदेखि मध्यम वर्षाको सम्भावना रहेकाले नदी तटीय क्षेत्रका स्थानीयलाई आवश्यक सर्तकता अपनाउन अनुरोध गरिएको प्रमुख परियारले बताउनुभयो ।

विभागले भारी वर्षाका कारण विभिन्न खोलामा आकस्मिक बाढीको सम्भावना रहेको भन्दै सतर्कता अपनाउन आग्रह गरेको छ । धरानको सर्दु, खर्दु, सुनसरी खोला, इटहरीको बूढी खोला, खेसलियालगायत स-साना खोलानालामा आकस्मिक बाढी आउन सक्ने, होचो भू-भागमा डुबानको जोखिम रहेकाले सतर्कता अपनाउन विभागको आग्रह गरेको हो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# उज्यालोमै नारायणगढ पुग्ने गरी काठमाडौँबाट बस छुटाइने

काठमाडौँ, १६ असोज (रासस) ।

काठमाडौँबाट छुटेको सवारीसाधन उज्यालोमै नारायणगढ पुग्ने गरी यातायात व्यवस्थापन गरिने भएको छ ।

यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेलको अध्यक्षतामा मङ्गलबार बसेको सरोकारवाला प्रतिनिधिहरुबीचको छलफलले सवारीसाधन छुटेपछि परिस्थिति हेरी उज्यालो समयमै आफ्नो सवारी साधन नारायणगढ पुग्ने गरी समय व्यवस्थापन गर्न यातायात व्यवसायीलाई अनुरोध गर्ने र सुरक्षा निकायले सोही अनुरुप यातायात व्यवस्थापनमा सहजीकरण गर्नेसहितका १० बुँदे निर्णय गरेको हो ।

उक्त छलफलमा प्रहरी, यातायात मजदुर तथा यातायात व्यवसायीको सहभागिता थियो । बैठकले मध्यम तथा लामो दुरीमा सञ्चालन हुने सार्वजनिक सवारीसाधनले आफ्नो सवारीमा अत्यावश्यकीय प्राथमिक स्वास्थ्य उपचारका सामग्री, पिउने पानी तथा अत्यावश्यक अवस्थामा खान मिल्ने खाने कुरा राखेर मात्र सवारी सञ्चालन गर्न यातायात व्यवसायीलाई अनुरोध गर्ने निर्णय पनि गरेको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले जानकारी दिनुभयो ।

बैठकपछि जारी विज्ञप्तिमा बाढीपहिरोबाट ज्यान गुमाउने यात्रु तथा यातायात मजदुरप्रति श्रद्धाञ्जली व्यक्त गर्दै यस विपद्बाट ज्यान गुमाउने यातायात मजदुरको विवरण तथा दुर्घटनाग्रस्त सवारीको क्षतिको विवरण सङ्कलन गरी आवश्यक क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय भएको जनाइएको छ ।

सडकमा पहिरो आई वा बाढीले सडक बगाउँदा बीच बाटोमै अलपत्र परेका यातायात मजदुर तथा व्यवसायीलाई यथाशीघ्र उद्धार तथा राहत उपलब्ध गराउन गृह मन्त्रालयमा अनुरोध गर्ने, विषम परिस्थितिका कारण उत्पन्न हुन सक्ने दुर्घटना एवं जोखिम न्यूनीकरण गर्न अत्यावश्यक कामबाहेक यात्रा नगर्न तथा गर्नै परे सावधानी एवं सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

देशभरिका विपद्सम्बन्धी एवं बाटोको अवस्था बारेमा आवश्यक सूचना नेपाल प्रहरी प्रधान कार्यालयले नियमित रुपमा आफ्नो फेसबुक पेजमार्फत सार्वजनिक गर्ने, यातायातको अग्रिम टिकट लिइसकेकालाई प्राथमिकता दिई गन्तव्य स्थलसम्म पुऱ्याउने सुनिश्चितता गर्ने तथा थप अग्रिम टिकट बुकिङ गर्ने सन्दर्भमा गृह मन्त्रालयको विपद्सम्बन्धी सूचनालाई आधार मानी बाटोको सुनिश्चिता हेरेर मात्र सम्बन्धित रुटको अग्रिम टिकट काट्न यातायात व्यवसायीमा अनुरोध गरिएको छ ।

वैकल्पिक मार्गहरुको पहिचान गरी ठूला सवारीसाधन चल्ने र साना सवारी साधन चल्ने प्राथमिकताका बाटो छनोट गरी सवारी सञ्चालन गर्ने तथा वैकल्पिक मार्गको जानकारीको सूचना यातायात व्यवस्था विभागको वेबसाइटमार्फत जानकारी गराउने निर्णय पनि भएको वरिष्ठ उपाध्यक्ष सिटौलाले जानकारी दिनुभयो ।

यस्तै अत्यधिक वर्षाका कारणले 'रेड जोन'मा परेका सडकखण्ड तथा सडकमा हेभी इक्युपमेन्ट तैनाथ राख्न सडक विभागलाई अनुरोध गर्ने तथा वर्षातको कारणले अवरुद्ध सडक खुलाउने सम्बन्धमा स्थानीय तहले पनि आफूसँग भएका हेभी इक्युपमेन्ट प्रयोग गरी बाटो खुलाउन तथा आवश्यक उद्धारमा सहयोग गर्न अनुरोध गर्ने निर्णय पनि भएको छ ।

# बाढीबाट मधेसमा पाँच अर्ब बढीको क्षति

धनुषा, १६ असोज (रासस) ।

हालैको बाढीपहिरो र डुबानबाट मधेसमा व्यापक क्षति भएको छ । प्रारम्भिक विवरणअनुसार पशुपक्षी तथा मत्स्यपालनसँगै खेतीयोग्य जमिन र कृषि पूर्वाधार रु पाँच अर्ब बढीको हानी भएको छ ।

अन्न भण्डारका रूपमा परिचित मधेसको धानखेत डुबेका छन् । बाला लागेको धान डुब्दा किसान चिन्तित छन् । माछा पोखरी डुब्दा करोडौँको क्षति भएको कृषि विज्ञहरूले बताएका छन् ।

कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले मनसुनजन्य विपद्बाट सिर्जित परिस्थितिका सन्दर्भमा छलफल गरी छिटोभन्दा छिटो कृषि क्षेत्रको क्षतिका तथ्याङ्क सङ्कलन गरी आगामी रणनीति बनाउन कर्मचारीलाई निर्देशन दिएपछि सातै प्रदेशबाट क्षतिको विवरण माग्ने कामले तीव्रता पाउँदा अहिले प्रारम्भिक क्षति विवरण तयार पारिएको छ ।

मङ्गलबारसम्मको प्रारम्भिक विवरणानुसार विपद्बाट धान बालीमा ठूलो क्षति भएको मन्त्रालयका सूचना अधिकारी वरिष्ठ कृषि अर्थविद् महानन्द जोशीले जानकारी दिनुभयो । कृषि अर्थविद् जोशीका अनुसार मधेस प्रदेशको धानखेती तहसनहस भएको छ । मधेसका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा धान बाली नष्ट भएको छ ।

मधेस प्रदेशको कृषि विकास निर्देशनालयका अनुसार वर्षाले मधेस प्रदेशमा कृषि क्षेत्रमा रु पाँच अर्ब ३३ करोड ७५ लाखको क्षति पुऱ्याएको प्रारम्भिक विवरणमा जनाइएको छ । प्रदेशका आठ जिल्लाबाट प्राप्त प्रारम्भिक विवरणानुसार ४२ हजार ६९ हेक्टरमा लगाइएको धान बालीमा क्षति पुगेको अनुमान छ ।

यसैगरी चार हजार तीन सय ९३ हेक्टरमा लगाइएको सागसब्जी नष्ट हुँदा रु एक करोड ३२ लाख, २२ हेक्टर क्षेत्रमा लगाइएको फलफूलमा क्षति हुँदा रु ४४ लाख र ८५ हेक्टरको उखुमा क्षति पुग्दा रु तीन करोड ४० लाखको क्षति भएको अनुमान गरिएको छ ।

कृषि विकास निर्देशनालयका प्रमुख जितेन्द्र यादवका अनुसार दुई हजार तीन सय हेक्टर क्षेत्रमा मत्स्यपालन प्रभावित हुँदा रु २३ करोडको क्षति अनुमान गरिएको जनाउनुभयो । डुबानका कारण १४ हजार दुई सय पाँचवटा पशुपक्षी मर्दा रु ७६ लाख बराबरको क्षति भएको छ ।

कृषि विकास निर्देशनालयका अनुसार मधेसका आठ जिल्लामध्ये सबैभन्दा धेरै रौतहटमा धान बालीमा क्षति भएको छ । रौतहटमा १० हजार दुई सय ४३ हेक्टरको धान बाली प्रभावित हुँदा रु एक अर्ब २२ करोड ९१ लाख ५० हजार, सप्तरीमा नौ हजार तीन सय ६७ हेक्टरको धान बाली नोक्सान हुँदा रु एक अर्ब २२ करोड ४० लाख ४० हजार, बारामा छ हजार चार सय ७२ हेक्टर क्षेत्रमा लगाइएको धान बालीमा बाढी र डुबानले प्रभावित हुँदा ७७ करोड ६६ लाख ४० हजारको क्षति भएको छ ।

यसैगरी सर्लाहीमा छ हजार पाँच सय ८४ हेक्टर क्षेत्रको धान बाली क्षति हुँदा रु ६९ करोड, सिराहामा १५८.६ हेक्टरमा लगाइएको धानबालीमा क्षति भएको छ । पशुपक्षीमा सबैभन्दा बढी पशुधन नाश सर्लाहीमा भएको छ । मधेसमा १४ हजार दुई सय पाँच पशुपक्षी मरेका छन्भने सर्लाही मात्र १० हजार पशुपक्षी नष्ट भएका छन् । धनुषामा सात सय हेक्टर बालीमा क्षति भएको छ ।

# 'कानुन अभावमा विपद् कोषको रकम खर्च गर्न समस्या'

जनकपुरधाम, १६ असोज (रासस) ।

मधेस प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले विपद् व्यवस्थापनसम्बन्धी ऐन तथा कानुनको अभावमा मधेस प्रदेशका बाढीपीडितलाई आर्थिक तथा भौतिकलगायत अन्य राहत सामग्री सहज रूपमा उपलब्ध गराउन नसकेको बताउनुभएको छ ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयद्वारा बुधबार जनकपुरधाममा आयोजित सुरक्षा तथा विपद्सम्बन्धी अन्तरक्रिया कार्यक्रममा मधेस प्रदेशका आठ जिल्लामा जनधनको क्षति भएपनि प्रदेश सरकारको स्पष्ट निकाय नहुँदा क्षति विवरण सङ्कलन तथा पीडितलाई सहयोग गर्न नसकेको उहाँले बताउनुभयो ।

राहत सामग्री जिल्ला प्रशासनमार्फत मात्र वितरण हुनुपर्ने एकद्वार प्रणाली रहेकाले मधेस प्रदेश सरकार समस्यामा परेको उहाँको भनाइ छ । जिल्ला प्रशासन कार्यालयबाट राहत सामग्री वितरणमा व्यापक ढिलाइ हुने तथा प्रक्रिया पुऱ्याउनुपर्ने समस्या रहेको उहाँको गुनासो छ । मधेस प्रदेशको विपद् व्यवस्थापन कोषमा रु १२ करोड रकम भएपनि आफैँले खर्च गर्ने नसक्ने विडम्बना मन्त्री लेखीले सुनाउनुभयो ।

सोही कार्यक्रममा मधेस प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री सकिलमियाँ अन्सारीले हाले आएको बाढीले व्यापक क्षति पुऱ्याएकाले बाटोघाटोमा सुधार, पुलहरूको मर्मत तथा निर्माण गरी सहज वातावरण बनाउनका साथै जनतालाई राहत सामग्री वितरणमा ढिलाइ गर्न नहुनेमा जोड दिनुभयो ।

जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयहरू सङ्घीय सरकारअन्तर्गत रहेकाले तिनीहरूमार्फत सुरक्षा र राहत सामग्रीलगायतका सामग्री वितरण गर्नुपर्ने प्रावधानले प्रदेश सरकारले बाढीपीडितहरूलाई सहयोग गर्न असमर्थ रहेको मधेस प्रदेशका मुख्य न्यायाधिवक्ता सुरेन्द्रप्रसाद महतोको भनाइ छ ।

"वर्तमान संविधानमा जिल्ला प्रशासन कार्यालयको परिकल्पना छैन । अहिलेसम्म मधेस प्रदेश सरकारले प्रहरी ऐन ल्याउन नसकेको अवस्थामा प्रमुख जिल्ला अधिकारी र नेपाल प्रहरीको सञ्चालन तथा खटनपटन गर्न सक्ने अवस्था छैन", उहाँले भन्नुभयो, "अहिले हामी सङ्घीयतालाई कार्यान्वयन तथा व्यवस्थित गर्ने प्रयासमा छौं ।"

सो अन्तरक्रिया कार्यक्रममा मधेस प्रदेशका सांसदहरू रामसरोज यादव, सञ्जय यादव, मनोजकुमार सिंह, सारदा पहाडी, रामआशिष यादव, राजेन्द्र यादव, जीवछी यादव र उपेन्द्र महतो तथा पूर्वमन्त्री शारदा थापालगायत वक्ताहरूले प्रहरी ऐन चाँडो ल्याउनुपर्ने तथा अविलम्ब बाढीपीडितहरूलाई राहत सामग्री उपलब्ध गराउनुपर्ने माग गर्नुभयो ।


## वीमा लेख नं. हराएको सूचना

जनकपुरदेखी जलेश्वर जाँदै गरेको अवस्थामा २०८१ साल भदौं २ गते मेरो निम्न ब्यहोराको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८४४१८८०३८ मा सम्पर्क गर्नुहोला ।

**नाम : सुनिता देवी**
**ठेगाना : सम्सि ९, महोत्तरी**
**वीमा लेख नं. :१७००३०४९०**

## वीमा लेख नं. हराएको सूचना

जनकपुरदेखी जलेश्वर जाँदै गरेको अवस्थामा २०८१ साल भदौं ५ गते मेरो निम्न ब्यहोराको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८४४१८८०३८ मा सम्पर्क गर्नुहोला ।

**नाम : सुनिता देवी**
**ठेगाना : सम्सि ९, महोत्तरी**
**वीमा लेख नं. :१७००३०२३०**

## वीमा लेख नं. हराएको सूचना

जनकपुरदेखी जलेश्वर जाँदै गरेको अवस्थामा २०८१ साल भदौं ८ गते मेरो निम्न ब्यहोराको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८४४१८८०३८ मा सम्पर्क गर्नुहोला ।

**नाम : राम दुलार राय**
**ठेगाना : सम्सि ९, महोत्तरी**
**वीमा लेख नं. :१७००३०१६६**


## विश्व समाचार

# इरानद्वारा इजरायलमा मिसाइल आक्रमण

तेहरान, १६ असोज (रासस/एएफपी) ।

इरानले पहिलोपटक हाइपरसोनिक मिसाइलसहित इजरायलमा २०० वटा क्षेप्यास्त्र प्रहार गरेको इरानी सरकारी टिभीले बुधबार जनाएको छ ।

त्यसैगरी इजरायलले तेहरानले उक्त आक्रमणको मुल्य चुकाउनुपर्ने चेतावनी दिएको छ । इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्सले तेल अबीव र यस क्षेत्र वरपरका "तीनवटा सैन्य आधार"लाई लक्षित गरी क्षेप्यास्त्र प्रहार गरेको इरानी मिडियाले पुष्टि गरेको छ ।

इजरायली सेनाले इरानले आफ्नो क्षेत्रमा करिब १८० वटा क्षेप्यास्त्र प्रहार गरेको जसमध्ये अधिकांशलाई रोकिएको बताएको छ ।

सन् २०२३ को जुनमा इरानले एक मध्यवर्ती दूरीको ब्यालेस्टिक मिसाइलको अनावरण गरेको थियो, जुन ध्वनिको गतिभन्दा १५ गुणा हाइपरसोनिक गतिमा यात्रा गर्न सक्षम छ । तत्कालीन राष्ट्रपति इब्राहिम रायसीले उक्त हतियारले इरानको प्रतिरोधको शक्ति बढाउने बताउनुभएको थियो । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इरानले गरेको क्षेप्यास्त्र आक्रमण "ठूलो गल्ती" भएको बताउनुभएको छ ।

रिभोलुसनरी गार्ड्सले मिसाइल हमलालाई जुलाईमा हमास नेता इस्माइल हनियाह, साथै हिजबुल्लाह नेता हसन नसरल्लाहको शुक्रबार गरिएको हत्याको बदला भएको बताएको छ ।

# इरानले इजरायलमाथि गरेको आक्रमणको विश्वव्यापी विरोध, संयमता अपनाउन आग्रह

पेरिस, १६ असोज (रासस/एएफपी) ।

तेहरानले इजरायलमाथि मिसाइल आक्रमण गरेपछि विश्वका नेताहरूले इरान र इजरायललाई संयमता अपनाउन आग्रह गरेका छन् ।

तेहरानले लेबनानमा हिजबुल्लाह विरुद्ध भूमि आक्रमण गरिरहेको भन्दै आक्रमण इरान समर्थित लडाकु नेताहरूको हत्याको प्रतिक्रिया स्वरुप भएको जनाएको छ ।

दमास्कसमा इरानी वाणिज्य दूतावासमा भएको इजरायली हवाई आक्रमणको बदलामा अप्रिलमा भएको मिसाइल र ड्रोन आक्रमणपछि इरानले इजरायलमाथि प्रत्यक्ष आक्रमण गरेको यो दोस्रो पटक हो ।

मिसाइलको आक्रमण पछि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले "मध्यपूर्वमा बढ्दो द्वन्द्व" को निन्दा गर्नुभएको छ ।

गाजामा प्यालेस्टिनी हमास लडाकुसँगको युद्धसँगै हिजबुल्लाहसँगको इजरायलको द्वन्द्वको आलोचना गर्दै गुटेरेसले पूर्ण रूपमा युद्धविरामको आवश्यकता रहेको बताउनुभएको छ ।

यसैगरी अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकी सेनालाई "इरानी आक्रमण विरुद्ध इजरायली रक्षामा सहयोग गरी इजरायललाई लक्षित मिसाइलहरू नष्ट गर्नसमेत आदेश दिनुभएको छ । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले उक्त आक्रमण "पूर्ण रूपमा अस्वीकार्य" भएको बताउनुभएको छ ।

इजरायलले इरानी आक्रमणको बदला लिने वाचा गरेको छ । इरानमा प्रतिक्रियात्मक आक्रमण गर्ने इजरायली सैन्य प्रवक्ता रियर एडमिरल डेनियल हागारीले बताउनुभएको छ ।

बेरुतमा हिजबुल्लाह प्रमुख हसन नसरल्लाह र तेहरानमा हमासका नेता इस्माइल हानियाहको हत्याको प्रतिशोधमा उक्त आक्रमण भएको हमासले जनाएको छ ।

स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले इरानी आक्रमणको निन्दा गर्दै मध्यपूर्वमा व्याप्त 'हिंसाको चक्र' अन्त्य गर्न आह्वान गर्नुभएको छ । विदेशमन्त्री जोस म्यानुएल अल्बेरेसले म्याड्रिडले द्वन्द्व पक्षलाई संयमता साथ अघि बढी तनाव नियन्त्रण गर्न आह्वान गर्नुभएको छ ।

जर्मनी विदेशमन्त्री एनालेना बारबकले इरानलाई इजरायलमाथि गरेको क्षेप्यास्त्र आक्रमणको निन्दा गर्दै हिंसा अन्त्य गर्न आग्रह गर्नुभएको छ ।

त्यसैगरी फ्रान्सका राष्ट्रपति इम्मानुएल म्याक्रोनले इजरायल विरुद्ध इरानको आक्रमणको निन्दा गर्दै फ्रान्सले तेहरानको सामना गर्न मध्यपूर्वमा आफ्नो सैन्य स्रोतहरू "परिचालन" गरेको बताउनुभएको छ ।

बेलायती प्रधानमन्त्री कीर स्टारमरले इरानको आक्रमणको निन्दा गर्नुभएको छ । आफ्ना इजरायली समकक्षी बेन्जामिन नेतान्याहुसँगको कुराकानीमा स्टारमरले "इजरायली सुरक्षा र नागरिकहरूको सुरक्षाका लागि बेलायतको दृढ प्रतिबद्धतासमेत पनि व्यक्त गर्नुभयो ।

जापानका नयाँ प्रधानमन्त्री सिगेरु इसिबाले इजरायलमाथि इरानले गरेको क्षेप्यास्त्र आक्रमण "अस्वीकार्य" भएको बताउनुभएको छ । युद्धको निन्दा गर्दै स्थितिलाई शान्त पार्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

# समोसामा कीरा भेटिएपछि २० हजार जरिवाना

सिरहा, १६ असोज (रासस) ।
ग्राहकको स्वास्थ्यमाथि पटकपटक खेलवाड गरेको भन्दै लहानको माखन भोग होटललाई खाद्य तथा गुण नियन्त्रण कार्यालयले रु २० हजार जरिवाना गरेको छ ।

लहान नगरपालिकाका उपप्रमुख रामचलितर महतोको नेतृत्वमा मङ्गलबार गरिएको बजार अनुगमनका क्रममा उक्त होटलका समोसामा कीरा फेला परेपछि जारिवाना गरिएको हो ।

उपप्रमुख महतोको नेतृत्वमा खाद्य तथा गुण नियन्त्रण कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, राष्ट्रिय उपभोक्ता मञ्चसहितको संयुक्त टोलीले अनुगमन गरेको हो ।

अनुगमन टोलीले कृष्णा सप्लायर्समा पनि लाखौं मूल्य बराबरका म्याद गुज्रिएको पेयपदार्थ फेलापरेको छभने ऋषिजल पानी कम्पनीले 'मिनरल वाटर'को मूल्य बढी राखेर उपभोक्तालाई बिक्री गर्ने गरेको फेला पारेको छ । कृष्णा सप्लायर्सलाई तीन दिनभित्र म्याद गुज्रिएका रु एक लाख २५ हजार छ सय ८० मूल्यका कोक, स्प्राइट र बियरसहितका पेयपदार्थ नष्ट गर्न समय दिएको छभने ऋषिजल पानी कम्पनीलाई स्पष्टीकरण सोधेको छ ।

संविधानको अनुसूची ६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय बजार अनुगमन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिएको छ ।

# हनुमाननगर-राजविराज सडक जीर्ण

राजविराज, १६ असोज (रासस) ।
दसैं, तिहार जस्ता चाडबाड नजिकिँदै गर्दा जिल्लाको मुख्य सडकहरू मर्मत हुन सकेका छैनन् । हनुमाननगर- राजविराज सडक खण्ड जीर्ण हुँदा यात्रुहरू जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

सदरमुकाम राजविराजदेखि पूर्व भारदहस्थित पूर्व-पश्चिम राजमार्गसँग जोडिने उक्त सडकमा ठूल्ठूला खाल्डो हुँदा सवारीसाधन आवतजावतमा समस्या भएको बस चालक बताउँछन् । मंसापुर भन्ने स्थानमा पाँच/छ वर्षदेखि सडकमा ठूल्ठूला खाल्डो हुँदा पनि सडक विभागले सडक मर्मत नगरेको स्थानीय शैलेन्द्र सिंहले बताउनुभयो ।

सडेपार र मंसापुरको बिचमा अवस्थित सडकमा रहेको खाल्डोका कारण सामान्य वर्षा हुँदा पनि पानी जमेर पोखरी बन्ने गर्छ । सप्तरीका प्रसिद्ध दुई शक्तिपीठ रहेकाले यही सडक भएर दसैंमा हजारौं भक्तजन यात्रा गर्ने गर्छन् ।

भारदहस्थित कङ्कालिनी मन्दिर र राजविराजदेखि ११ किलोमिटर दक्षिणमा अवस्थित छिन्नमस्ता भगवती मन्दिरमा दसैंमा भीड लाग्ने गर्दछ । तर यिनै मन्दिर पुग्ने सडकको अवस्था नाजुक हुँदा आवतजावतमा समस्या भएको सवारी चालक रमेन यादव बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "राजविराजदेखि हनुमाननगरसम्मको १४ किलोमिटर सडक गुणस्तरहीन भएकाले पुरै भत्किएर जीर्ण छ । सडकमै पोखरी छिचोल्दै गाडी चलाउनुपर्ने बाध्यता छ । कतिखेर गाडी पल्टिन्छ टुङ्गो हुन्न ।" खासगरी मोटरसाइकल, अटो, सिटी रिक्सालगायतका सवारीसाधन गुडाउन बढी जोखिम रहेको यात्रुहरू बताउँछन् । वर्षौंदेखि जीर्ण सडकका कारण धुलो उड्दा स्वास्थ्यमासमेत असर गरेको स्थानीयवासीको गुनासो छ ।

# बलान नदी कटानले जोखिममा बस्ती

सिरहा, १६ असोज (रासस) ।
केही दिनअघिको वर्षाले सिरहामा भौतिक एवम् मानवीय क्षति नभए पनि नदी आसपासका सयौं बिघा खेतीयोग्य जमिन कटान गरेको छ । यहाँको बलान नदीले तटबन्ध भत्काउँदा किनाराका बस्ती बगाउने त्रासमा स्थानीय छन् ।

सिरहा र सप्तरीको सिमाना भएर बग्ने बलान नदीको बाढीले तटबन्ध भत्काएर लहान–४ स्थित इस्लामपुरको बस्तीमा पसेको थियो । करिब तीन सय मिटर तटबन्ध भत्काएर बस्तीमा बाढी पसेपछि ३० घरपरिवार बिचल्लीमा परे । सयौं बिघाको धानखेत क्षणभरमै सखाप भयो । "एक्कासि बाढी बस्तीमा पसेपछि ज्यान जोगाउन भागाभाग भयो," लहान–४ इस्लामपुरका बाढीपीडित मो सदरुर मियाँले भन्नुभयो, "नदीले तटबन्ध नै भत्काएछ ।"

मियाँको जस्तै समस्या लहान–२३ तिलेबोनाका गङ्गाप्रसाद यादवले पनि भोगिरहनुभएको छ । हरेक वर्ष बलान नदीले जमिन कटान गर्दा बस्ती बगाउने चिन्तामा रातदिन बस्नुपरेको उहाँले बताउनुभयो । "दशकौंदेखि गरिखाने जमिन आँखै अगाडि हेर्दाहेर्दै नदीले निलेको हेर्न विवश छौं । ये नदीले हामीलाई रित्तो बनाइदियो, सबै सकियो । ओत लाग्ने घर पनि बाढीले कुन दिन बगाउने हो, टुङ्गो छैन", यादवले भन्नुभयो ।

बाढीले तिलेबोनामा मात्रै १० बिघा खेतीयोग्य जग्गासँगै आँपको बगान बगाएको छ । नदीले कटान गरी गाउँ नजिक पुगिसकेकाले तत्कालै नियन्त्रण नगरेमा दक्षिणी भेगका सखुवानान्कारकट्टी र भगवानपुर गाउँपालिका प्रभावित हुने स्थानीय बताउँछन् । "हिउँदमा चकमन्न भएर बग्ने बलान नदी वर्षातसँगै भेल बाढी मात्र बग्दैन, नदीकिनार बासिन्दाको आँसु पनि सँगै बग्छन्", सखुवानान्कारकट्टी गाउँपालिकाको–४ का हरिलाल यदवले भन्नुभयो । उहाँका अनुसार पछिल्लो दशकमा नदीले बसनपुरमा २२, भगवतीपुर मौजीमा ५१, सिस्राहा मौजीमा ८४ बिघा जमिन कटान गरिसकेको छ । सयौं बिघा नम्बरी जग्गा बगर बनाएको छ । नदी सोभिएको बस्ती तर्फ लागेको यादव बताउनुहुन्छ ।

कुनै बेला जमिनदारको गाउँ भनेर कहलिने इटहर्वा, भगवानपुर, तिलेबोनालगायतका गाउँको परिचय अहिले मेटिएको छ । नदीले करिब १५ वर्षअघि धार परिवर्तन गरी बस्तीतिर सोभिएपछि विपद् सुरु भएको थियो । त्यसयता लहान नगरपालिकाको वडाअन्तर्गत ३, ४, ५, ९, १०, १९ र २३, सखुवानन्कारकट्टी गाउँपालिकाको ३ र ४ अन्तर्गत परिहारपुर, इटहर्वा, सिस्राहा, सखुवा, तिलेबोना तथा भगवानपुर गाउँपालिकाको १, ३ र ४ नम्बर वडाअन्तर्गत भगवानपुर, लालपुर, कल्याणपुर, सिनुरिया र मरिकटोल बाढी, डुबान र कटानको उच्च जोखिममा छन् ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय सिरहाका डिभिजन प्रमुख हसमत अन्सारीका अनुसार नदी नियन्त्रणको लागि पर्याप्त बजेट उपलब्ध छैन । उहाँले भन्नुभयो, "स्थानीय तह र प्रदेश सरकारबाट जे जति काम भएको छ, त्यो पर्याप्त छैन ।"

बलान नदी नियन्त्रणको लागि लहान नगरपालिकाले वडा नं २३ स्थित तिलेबोनामा अघिल्लो आवमा रु ५० लाख बढी खर्चेर करिब एक सय ५० मिटर तटबन्ध निर्माण गरेको थियो । गत आर्थिक वर्षमा मधेश प्रदेश सरकारबाट बलान नदी नियन्त्रणको लागि रु ९५ लाख खर्चेर करिब पाँच सय मिटर तटबन्ध निर्माण गरिएको थियो ।

लहान नगरप्रमुख महेशप्रसाद चौधरीले बलान नदी नियन्त्रणको लागि स्थानीय तहको प्रयासले मात्र नहुने भएकाले प्रदेश तथा सङ्घीय सरकारलाई सहयोगको आग्रह गर्नुभयो ।

### बाढीपहिरामा परी ...

क्षेत्रबाट १३ हजार ७१ जनाको उद्धार गरिएको छभने खोज, उद्धार र सहायता परिचालन गरिएको छ । प्रभावितलाई खाद्यान्नलगायत राहत सामग्री प्रदान गरिनाका साथै घाइतेको निःशुल्क उपचार भइरहेको छ ।

सरकारले उद्धार र राहतलाई उच्च प्राथमिकता दिएको र यातायात सञ्चालन गर्न अवरुद्ध राजमार्ग सञ्चालनको अथक प्रयास भइरहेको प्रवक्ता तिवारीले राससलाई बताउनुभयो ।


## हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

## हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

## हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुधन प्रसाद गुप्ता**
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*